आज मिति २०८३ साल बैशाख महिनाको २३ गते बुधबारको दिन यस हलेसी तुवाचुङ नगरपालिकाका नगर प्रमुख श्री बिमला राईज्यूको अध्यक्षतामा तपशील बमोजिमको उपस्थितिमा नगर कार्यपालिकाको १४३ औं बैठक बसी निम्न प्रस्तावहरूमाथि छलफल गरी निर्णय पारीत गरियो ।

उपस्थिति:

| क्र.सं. | पदाधिकारीको नाम थर | पद | ठेगाना | सम्पर्क नं. | हस्ताक्षर |
|---|---|---|---|---|---|
| १ | श्री बिमला राई | अध्यक्ष | ह.तु.न.पा. ३ | ९८४२९७४५७१ | |
| २ | श्री रमेश कुमार राउत | सदस्य | ह.तु.न.पा. ६ | ९८५१००२३५४ | |
| ३ | श्री रुद्र कुमार राई | सदस्य | ह.तु.न.पा. १ | ९८४२८०८५८४ | |
| ४ | श्री देवेन्द्र कुमार राई | सदस्य | ह.तु.न.पा. २ | ९८६२६१९०७७ | |
| ५ | श्री भुपाल सिं राई | सदस्य | ह.तु.न.पा. ३ | ९८६२६१९६२० | |
| ६ | श्री किशोर कुमार बस्नेत | सदस्य | ह.तु.न.पा. ४ | ९८५११०२७७४ | |
| ७ | श्री रुपेन्द्र कुमार राई | सदस्य | ह.तु.न.पा. ५ | ९८४२८८८९२४ | |
| ८ | श्री गन राई | सदस्य | ह.तु.न.पा. ६ | ९८४८८४३४०२ | |
| ९ | श्री कमल गिरी | सदस्य | ह.तु.न.पा. ७ | ९८६२८१३५९० | |
| १० | श्री टेकराज राई | सदस्य | ह.तु.न.पा. ८ | ९८४२२०६६०३ | |
| ११ | श्री काशि राज राई | सदस्य | ह.तु.न.पा. ९ | ९८६२६८५२४६ | |
| १२ | श्री अर्जुन कुमार पुरी | सदस्य | ह.तु.न.पा. १० | ९८६२६८५१५५ | |
| १३ | श्री अनिश कार्की | सदस्य | ह.तु.न.पा. ११ | ९८४३१७५११७ | |
| १४ | श्री गंगा देवी दाहाल | सदस्य | ह.तु.न.पा. ४ | ९८४३४३६३९८ | |
| १५ | श्री जोग माया राई | सदस्य | ह.तु.न.पा. १ | ९७४२८६७३२८ | |
| १६ | श्री फुल सरी राई | सदस्य | ह.तु.न.पा. ३ | ९८२७७०८६३४ | |
| १७ | श्री चन्द्र कुमारी मगर | सदस्य | ह.तु.न.पा. २ | ९८४२८०८४९२ | |
| १८ | श्री किशन सुयल | सदस्य | ह.तु.न.पा. ११ | ९८४२९४३०२२ | |
| १९ | श्री राकेश परियार | सदस्य | ह.तु.न.पा. ७ | ९८६२८४१४२३ | |
| २० | श्री मिना रम्तेल | सदस्य | ह.तु.न.पा. १० | ९८४५२७९२२९ | मिना |
| २१ | श्री सनिता पुर्कुटी रम्तेल | सदस्य | ह.तु.न.पा. ८ | ९८१३७११०९६ | सनिता |
| २२ | श्री पवन कुमार प्याकुरेल | ~~सदस्य~~ सचिव | काभ्रे | ९८४१७८२२३० | |
| २३ | श्री सुनिल रिजाल | प्रशासन | | | |

# १४३ औं कार्यपालिका बैठकका प्रस्तावहरु

१. हलेसी महादेव मन्दिरको पुजारी नियुक्ति परिपत्र सम्बन्धमा ।

२. आगामी आ.व. २०८३/८४ को नीति तथा कार्यक्रमको सैद्धान्तिक छलफल सम्बन्धमा ।

३. नगरस्तरिय पूर्णखोप सुनिश्चितता तथा नगरस्तरिय परिक्षाको नतिजा प्रकाशन मिति तय सम्बन्धमा ।

४. विविध ।

हलेसी तुवाचुङ नगरपालिका नगर कार्यपालिकाको कार्यालय कोशी प्रदेश, खोटाङ, नेपाल

निर्णयहरु:

**निर्णय नं. १ प्रस्तावित विषय नं. १** माथि छलफल गर्दा मालपोत कार्यालय दिक्तेल खोटाङको च.न. १५०४ मिति २०८३/०१/१५ को प्राप्त पत्रानुसार हलेसी तुवाचुङ नगरपालिका वडा नं. ७ मा रहेको हलेसी महादेव मन्दिरको पुजारि सम्बन्धमा भएको परिपत्रका विषयमा ***महन्त पुजारि लगायतका जनशक्ति व्यवस्थापन निर्देशिका, २०७७*** बमोजिम हलेसी तुवाचुङ नगरपालिका वडा नं. ७ वडा कार्यालय महादेवस्थानलाई आवश्यक छानविन गरि नगरपालिकामा प्रतिवेदन पेश गर्ने गरि जिम्मेवारी प्रदान गर्ने भन्ने निर्णय सर्वसम्मतिमा पारित गरियो ।

**निर्णय नं. २ प्रस्तावित विषय नं. १** माथि छलफल गर्दा आगामि आ.व. २०८३/८४ को नीति तथा कार्यक्रम निर्माण गर्दा विगतदेखी संचालनमा रहेका आयोजना तथा कार्यक्रमलाई निरन्तरता, नागरिको दैनिक जीवनमा प्रत्यक्ष रुपमा सुधार गर्ने, वडा कार्यालय भित्रका कम्तिमा १ वटा मोटरबाटो २४ घण्टा संचालन हुने लगाएतका कुराहरुलाई समेट्दै नीति तथा कार्यक्रम निर्माण गर्ने भन्ने निर्णय सर्वसम्मतिमा पारित गरियो ।

**निर्णय नं. ३ प्रस्तावित विषय नं. १** माथि छलफल गर्दा नगरस्तरिय पूर्णखोप सुनिश्चितता तथा नगरस्तरिय परिक्षाको नतिजा प्रकाशन गर्ने मिति २०८३ सालको जेष्ठ महिनाको दोस्रो साता गर्ने साथै विगत आ.व. देखि प्रदान गरिदै आएको संस्थागत विधा तर्फ उत्कृष्ट विद्यालय पुरस्कार विगतमा बार्षिक परीक्षा ४-९ लाई मात्र आधारलिई प्रदान गरिदै आएकोमा यस आ.व. २०८२।०८३ देखि तपशीलका सूचकहरूको आधार र मापदण्डका आधारमा विद्यालय छनौट गरी पुरस्कृत गर्ने निर्णय गरियो ।

| क्र सं | विवरण | आधार / मापदण्ड | पुर्णाङ्क | कैफियत |
|---|---|---|---|---|
| १ | कक्षा कोठा सरसफाइ तथा व्यवस्थापन | स्वच्छ सफा कक्षाकोठा,विद्यार्थी तथा शिक्षकहरूद्धारा निर्मित शैक्षिक सामग्रीको सजावट,विद्यार्थीमैत्री वातावरण । | १० | |
| २ | लेखा परीक्षण तथा आर्थिक पारदर्शिता | लेखापरिक्षण, लेखापरिक्षणको प्रतिवेदनको कार्यान्वयन बेरूजुको अवस्था, आर्थिक पारदर्शिता, आय व्यको सार्वजनिकीकरण । | १० | |

| | | | | | |
|---|---|---|---|---|---|
| 3 | कक्षा ५, ८ र SEE GPA | २ बर्षको औषत GPA । | १० | | |
| ४ | शिक्षण सिकाइ सम्बन्धी प्रवर्धनात्मक कार्यहरू | विद्यालयले गरेका शिक्षण सिकाइ सम्बन्धी प्रवर्धनात्मक कार्य, शैक्षिक सुशासन तथा क्षमता विकास सम्बन्धी कार्य । | १० | | |
| ५ | बैठकको निर्णय र कार्यान्वयन | वि.व्य.स. र शिक्षक अभिभावक संघको नियमावलीले तोके बमोजिमको बैठक तथा निर्णय कार्यान्वयन । | १० | | |
| ६ | शिक्षक विद्यार्थी उपस्थिति | शिक्षक विद्यार्थीहरुको औषत उपस्थिति दर । | ५ | | |
| ७ | सिकाई उपलब्धी | अघिल्लो शैक्षिक सत्रको विद्यालयको समग्र सिकाई उपलब्धी मुल्याङ्क । | १५ | | |
| ८ | स्काउट, रेडक्रस, बाल क्लब जस्ता समुह गठन | स्काउट, रेडक्रस, बाल क्लब जस्ता समुह गठन, संस्थाहरूको क्रियाशिलता, विद्यार्थी नेतृत्व क्षमता विकास । | ५ | | |
| ९ | कार्य जिम्मेवारी | तहगत शिक्षक इन्चार्ज तथा शिक्षक जिम्मेवारी बाँडफाँड । | ५ | | |
| १० | कार्यालय व्यवस्थापन | कार्यालयको सरसफाई तथा सजावट, शैक्षणिक कार्यतालिका (रूटिन )। | ५ | | |
| ११ | अतिरिक्त क्रियापलाप | खेलकुद, सांस्कृतिक कार्यक्रम,बादविबाद, हस्तकला, चित्रकला प्रतियोगिता सञ्चालन । | १० | | |
| १२ | समन्वय र सम्बन्ध | अभिभावकसँगको सम्बन्ध, समन्वय, अन्तरक्रिया तथा अन्य निकायहरुसँगको समन्वय र सम्बन्ध । | ५ | | |
| जम्मा | | | १०० | | |

**निर्णय नं. ४ प्रस्तावित विषय नं. १** माथि छलफल गर्दा नेपाल सरकार गृह मन्त्रालयको च.नं. ६३७ मिति २०८३/०१/१६ र जिल्ला प्रशासन कार्यालय खोटाङको च.नं. २२६६ मिति २०८३/०१/२१ गतेको परिपत्र अनुसार यस हलेसी तुवाचुङ नगरपालिका भित्र अतिक्रमित सरकारी तथा सार्वजनिक जग्गाहरूको विवरण तयार गर्नका सम्बन्धित वडा कार्यालयहरुमा परिपत्र गरिएको हुँदा वडा कार्यालयबाट विवरण प्राप्त भएपश्चात सम्बन्धित निकायमा विवरण पठाउने भन्ने निर्णय सर्वसम्मतिमा पारित गरियो ।

**निर्णय नं. ४ प्रस्तावित विषय नं. २** माथि छलफल गर्दा यस हलेसी तुवाचुङ नगरपालिकामा स्थायी ठेगाना भई काठमाडौंको सुकुम्बासी बस्तिमा वस्दै आउनु भएका तर यस नगरपालिकामा जग्गा जमिन भएको साथै वस्नका लागि घर नभएको परिवारको लागि नगरपालिकाले विवरण संकलन गरि नगरपालिकाको मापदण्ड बमोजिम आवसका लागि ५ लाख बराबरको घर बनाउनका आवश्यक सहयोग गर्ने भन्ने निर्णय सर्वसम्मतिमा परित गरियो । नगरपालिका भित्रका सुकुम्वासी वस्तिमा वसोबास गरिरहेका नगरिकहरुको बिवरण तयार गर्नका लागि तपसिल बमोजिमको समिति समेत गठन गर्ने निर्णय सर्वसम्मतिमा परित गरियो ।

<u>तपसिल</u>

१. संयोजकः- श्री रमेश कुमार राउत – उप-प्रमुख
२. सदस्यः- श्री कमल गिरी – वडा नं. ७ अध्यक्ष
३. सदस्यः- श्री सुनिल रिजाल – सहायक पाँचौ

**निर्णय नं. ४ प्रस्तावित विषय नं. ३** माथि छलफल गर्दा हाल नेपालका विभिन्न जिल्लामा बोईलर कुखुरामा देखिएको वर्डफ्लु जन्य रोग फेला परेको हुँदा यस नगरपालिकामा समेत जिल्ला बाहिरबाट बोईलर कुखुरा आयात गर्दै आइरहेकोले नगरपालिकाको हाता भित्र उत्पादन हुँदै आएका बोईलर कुखुरामा समेत उक्त रोग देखा पर्न सक्ने भएको हुँदा जिल्ला बाहिरबाट आयात गरिदै आएको कुखुराहरूलाई पूर्ण रुपमा निषेध गर्ने भन्ने निर्णय सर्वसम्मतिमा पारित गरियो ।

हलेसी तुवाचुङ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दिक्तेल, खोटाङ
कोशी प्रदेश, नेपाल

**निर्णय नं. ४ प्रस्तावित विषय नं. ४** माथि छलफल गर्दा हलेसी तुवाचुङ नगरपालिकाको ऐतिहासिक, सांस्कृतिक तथा पहिचानसँग सम्बन्धित "तुवाचुङ डे" को संरक्षण, संवर्द्धन एवं औपचारिक रूपमा मनाउने उद्देश्यले नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ तथा प्रचलित कानूनबमोजिम मिति २०८३ साल जेष्ठ ७ गते विहिबार "तुवाचुङ डे" को अवसरमा यस हलेसी तुवाचुङ नगरपालिका क्षेत्रभित्र रहेका सम्पूर्ण नगरपालिका कार्यालय, वडा कार्यालय, शैक्षिक संस्था तथा स्थानीय सार्वजनिक निकायहरूमा स्थानीय सार्वजनिक बिदा दिने निर्णय सर्वसम्मतिमा पारित गरियो।

**निर्णय नं. ४ प्रस्तावित विषय नं. ५** माथि छलफल गर्दा यस नगरपालिकाको वडा नं. १० मा रहेको **पदम प्रकाश पुरी पार्क रङ रोगनलाई** थप व्यवस्थित र सुन्दर बनाउनका लागि रङ रोकन गर्ने उद्देश्यका साथ नगरपालिकाको कन्टेन्जेन्सी बाट रु.२,८०,०००/- (अक्षेरेपी दुई लाख असि हजार मात्र) रकम बिनियोजन गर्ने निर्णय सर्वसम्मतिमा पारित गरियो।

**निर्णय नं. ४ प्रस्तावित विषय नं. ६** माथि छलफल गर्दा यस हलेसी तुवाचुङ नगरपालिका र जि.फाउण्डेसन संस्था संगको साझेदारीमा खानेपानी, आयआर्जन तथा जलबायु परिवर्तन बिपद् ब्याबस्थापन जस्ता महत्त्वपूर्ण क्षेत्रमा ३ बर्ष सम्म काम गर्ने निर्णय सर्वसम्मतिमा पारित गरियो।

**निर्णय नं. ४ प्रस्तावित विषय नं. ७** माथि छलफल गर्दा लोचा खानेपानी योजनाको खानेपानी ट्याङ्की लोचा भोटेबासमा बन्नुपर्नेमा उक्त स्थानमा जमिनको व्यवस्थापन गर्न कठिन भएको हुँदा उक्त ट्याङ्की हलेसी तुवाचुङ नगरपालिका वडा नं. ३ च्यास्मिटारमा निर्माण गर्ने निर्णय सर्वसम्मतिमा पारित गरियो।

**निर्णय नं. ४ प्रस्तावित विषय नं. ८** मिति २०८३/०१/२० को राजपत्रमा प्रकाशित सूचना अनुसार भूमि प्रशासन सम्बन्धी सेवा स्थानीय तहले समेत प्रदान गर्न सक्ने व्यवस्था भए बमोजिम यस नगरपालिकाले भूमि प्रशासन सेवा प्रदान गर्ने प्रतिबद्धता व्यक्त गरेको हुँदा, हाललाई भूमि प्रशासन शाखाको कार्य सञ्चालनका लागि एक (१) जना नापी अधिकृतलाई करार सेवामार्फत पदपूर्ति गर्ने गरी आवश्यक प्रक्रिया अगाडि बढाउन पदपूर्ति समितिलाई निर्देशन दिने निर्णय सर्वसम्मतिबाट पारित गरियो।

हलेसी तुवाचुङ नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
दुधिम खोटाङ
कोशी प्रदेश, नेपाल